देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
५ नं. प्रदेश नेपाल

प.सं. २०७७/०७८
च.नं.

मिति: २०७७/०५/०८

## देवदह नगरपालिकाको सूचना

जिल्ला प्रशासन कार्यालय रुपन्देहीको च.नं. ९८० मिति २०७७/५/७ को पत्रसाथ जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र रुपन्देहीको मिति २०७७/५/७ गते बसेको बैठकवाट भएको निर्णय र सोही निर्णय अनुसार रुपन्देहीका प्रमुख जिल्ला अधिकारीवाट जारी भएको आदेश को पाना -२ आवश्यक कार्यान्वियनका लागि प्राप्त भएकोले उक्त आदेशको प्रतिलिपि यसैसाथ संलग्न गरि देवदह नगरपालिका क्षेत्रभित्र यहि भाद्र १४ गते राति १२:०० बजे सम्म उक्त आदेश विपरितका गतिविधिहरु नगर्नु नगराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

साथै उक्त अवधिसम्म यस नगरपालिका र अन्तर्गतका कार्यालयहरुवाट अत्यावश्यक (स्वास्थ्य) सेवा वाहेकका अन्य सेवाहरु प्रवाह नहुने हुँदा यसवाट आम सेवाग्राहीहरु प्रति पर्न गएको असुविधा प्रति नगरपालिका क्षमाप्रार्थि छ ।

५।८

..............................
टिकाराम शर्मा
उप-सचिव

टिकाराम शर्मा
उप-सचिव

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
जिल्ला प्रशासन कार्यालय रुपन्देही

☎ प्र.जि.अ (नि) ५२०३७०
५२०१५८
५२०१५९
५२११५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्याः ०७७/७८ मिति २०७७/०५/७

च.नं. ९८०

**विषय: निर्णय पठाइएको बारे।**

श्री रुपन्देही जिल्लास्थित स्थानीय तह सबै।
श्री स्वास्थ्य कार्यालय, रुपन्देही।
श्री होल्डिङ् सेन्टर, निमा स्मृति प्रतिष्ठान, भैरहवा।

जिल्लास्तरीय कोभिड-१९ संकट व्यबस्थापन केन्द्र, रुपन्देहीको मिति २०७७/५/७ गते बसेको बैठक बाट भएको निर्णय पाना-२ र सोहि निर्णयानुसार यस कार्यालयबाट जारी भएको ~~निषेधाज्ञाको~~ आदेश पाना-२ आवश्यक कार्यान्वयनका लागि यसै साथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

२०७७/०५/०७
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रुपन्देही

मितिः२०७७/०५/०७

## जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला अधिकारी श्री माहादेव पन्थबाट जारी आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण रुपन्देही जिल्ला भित्र निरन्तर बढिरहेकाले सोको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन जिल्ला संकट व्यवस्थापन केन्द्र, रुपन्देहीको मिति २०७७/५/२ को निर्णय समेतका आधारमा मिति २०७७/५/२ गते देखि मिति २०७७/५/७ गते राती १२ बजे सम्मका लागि अत्यावश्यक सेवालाई निरन्तरता दिंदै रुपन्देही जिल्लाभर लागू हुने गरी संक्रामक रोग ऐन २०२० को दफा २ वमोजिम विभिन्न गतिविधिहरु गर्न निषेध गर्ने गरी आदेश जारी गरिएकोमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/५/१ को निर्णय समेतका आधारमा संक्रामक रोग ऐन २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (३) वमोजिम मिति २०७७/५/७ गते राती १२:०० वजेदेखि २०७७/५/१४ गते राती १२:०० वजेसम्म रुपन्देही जिल्लाभर लागू हुने गरी देहाय वमोजिमका गतिविधिहरु गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिएको छ। प्रस्तुत आदेश विपरीतका कुनै गतिविधि भएमा सोही ऐन वमोजिम कारवाही गरिनेछ।

**निषेधित गरिएका गतिविधिहरु:**

- औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरीदको काममा वाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन।
- उद्योग/व्यवसाय अन्तर्गतका स्वास्थ्य मापदण्ड विपरीतका क्रियाकलापहरु गर्न।
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल,पार्टी प्यालेस, सपिङ्ग मल, डिपार्टमेन्टल स्टोर, मनोरञ्जन स्थल, शैलुन, ब्यूटी पार्लर, स्पा, स्वीमिङ्ग पुल, जिमखाना, समूहमा खेलिने खेलकूद, खेल प्रस्तुति, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न।
- उद्योग व्यवसाय संचालनका लागि स्वास्थ्य मापदण्ड विपरीत श्रमिक/कामदारको ओसारपसार गर्न।
- वेलहिया नाका वाहेक गैरकानूनी रुपमा अन्य नाकाबाट आवागमन गर्न।
- जिल्लाभित्र सबै प्रकारका निजी तथा सार्वजनिक यातायात संचालन गर्न तर मुख्य राजमार्गहरु संचालनमा रहने।
- कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, सोको रोकथाम, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यमा खटिनुपर्ने र अत्यावश्यक सेवा भनी नतोकिएका तर नियमित सेवा प्रदान गर्नुपर्ने प्रकृतिका अन्य कार्यालय आउन जान पर्ने राष्ट्रसेवक कर्मचारीको हकमा सम्बन्धित कार्यालय वा निकायले न्यूनतम कर्मचारी संख्या निर्धारण गरी कार्यालयले जारी गरेको फोटो सहितको परिचयपत्रको आधारमा सञ्चालन हुने सवारी साधन वाहेकका अन्य सवारी साधनहरु सञ्चालन गर्न।
- कुनै पनि मेला, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरु भेला/जम्मा हुन, भिडभाड गर्न र सभा जुलुस गर्न।
- परम्परागत रुपमा हुँदै आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पुजा वाहेकका सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट गर्न।

क्रमशः

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रुपन्देही

- सवारी साधन सञ्चालनका लागि पूर्व अनुमति आवश्यक नपर्ने भनी तोकिएका अत्यावश्यकीय वस्तु वा सेवा अन्तर्गत पर्ने औषधी, खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, दुध, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, भन्सार क्वारेन्टाइन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, अस्पताल जाने आउने बिरामी, मृत्यु सँस्कारका लागि अनिवार्य रुपमा सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारी साधन जस्ता अति आवश्यक सेवा वाहेकका सवारी साधन सञ्चालन गर्न।
- शैक्षिक सँस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्यूशन सेण्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन गर्न।
- फुटपाथ, खुल्ला ठाउँ र ठेला गाडा/साइकलमा सञ्चालन हुने विभिन्न व्यवसाय, कवाडी संकलन गर्न।
- क्वारेण्टाइन र आइसोलेसनका लागि तोकिएका बाहेक अन्य होटल र रेष्टुराँ सञ्चाल गर्न गराउन।
- बैंक तथा वित्तीय सँस्थाहरुले भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्नेछ, अति आवश्यक काममा नेपाल राष्ट्र बैंकले तोके वमोजिम हुनेछ।

**उपरोक्त कार्यका अतिरिक्त निम्न वमोजिम हुनेछः**

- खाद्यान्न, फलफूल, तरकारी, माछामासु, दुध तथा डेरीजन्य पसलहरु विहान ०६:०० वजेदेखि ०९:०० वजेसम्म र वेलुका ०४:३० वजेदेखि ०६:३० वजेसम्म सञ्चालन गर्न सकिनेछ।
- अत्यावश्यक कार्यका लागि घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग तथा न्यूनतम भौतिक दूरी कायम गर्नुपर्नेछ।
- अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने वा लुकाउने वा सहज आपूर्तिमा अवरोधहरु गर्नेहरु उपर कानून वमोजिम कारवाही हुनेछ।
- ग्रामीण क्षेत्रमा हुने कृषि कार्यका लागि सम्बन्धित स्थानीय तहहरुले आवश्यक व्यवस्था मिलाउन सक्नेछन्।
- यस आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने जोसुकै उपर प्रचलित कानून वमोजिम कारवाही हुनेछ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र जिल्लामा उत्पन्न असहज परिस्थितका वावजुद यस आदेशको पूर्ण पालना गरी गराई संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं निरन्तर सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय, रुपन्देही सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ।

०७८।१।१७

माहादेव पन्थ
प्रमुख जिल्ला अधिकारी